बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड
BUDHIGANDAKI JALBIDHYUT COMPANY LIMITED

केन्द्रीय कार्यालय, नयाँबानेश्वर,, काठमाण्डौं

पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित २०८१/०५/२६ गते

कम्पनीमा रिक्त रहेका देहाय बमोजिमका पदहरुमा प्रतिस्पर्धाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले ईच्छुक योग्य उम्मेदवारहरुबाट दरखास्तका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | तह | संख्या | न्यूनतम् शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १/२०८१-०८२ | सिभिल ईन्जिनियर | ७ | २(दुई) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा हाइड्रोपावर इञ्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण। | |
| २/२०८१-०८२ | वातावरण अधिकृत | ७ | १(एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट वातावरण विज्ञान वा वातावरण व्यवस्थापन वा वातावरण इञ्जिनियरिङ्ग विषयमा स्नातकोत्तर उपाधि हासिल वा सो सरह उत्तीर्ण । | |
| ३/२०८१-०८२ | नापी अधिकृत | ७ | १(एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोमेटिक्स इञ्जिनियरिङ्गमा स्नातक वा सो सरह उत्तीर्ण । | |
| ४/२०८१-०८२ | सब-इञ्जिनियर, इञ्जि., सिभिल | ५ | १(एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । | |
| ५/२०८१-०८२ | सामाजिक परिचालक | ५ | १(एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । | |

दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु तथा दरखास्त दिने प्रक्रियाः-

१. उपरोक्त बमोजिमको न्यूनतम शैक्षिक योग्यता पुगेका तह-५(पाँच)को हकमा १८ वर्ष र तह-७(सात)को हकमा २१ वर्ष पूरा गरी ४५ वर्ष उमेर ननाघेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र(२०८१।०६।०९ गते) कार्यालय समय भित्र दरखास्त सहित हालसालै खिचिएको पासपोर्ट साइजको फोटो-३ प्रति, व्यक्तिगत विवरण **(Curriculum Vitae)**, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

(वैदेशिक शैक्षिक योग्यताको हकमा समकक्षताको प्रमाणपत्रको प्रतिलिपि), नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, नेपाल ईन्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि (ईन्जिनियर पदको लागि मात्र) र दरखास्त दस्तुर बुझाएको भौचर संलग्न गरी यस कम्पनीको केन्द्रीय कार्यालय, नयाँवानेश्वर (नागरिक लगानी कोष भवनको पाँचौं तला), काठमाण्डौमा बुझाउनु पर्नेछ । रित नपुगी, म्याद नाघी वा दरखास्त साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजात संलग्न नगरी पेश हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन।

२. दरखास्त दस्तुर बापतको रकम सातौं तहको लागि रु.१,२००।- (एक हजार दुई सय रुपैयाँ मात्र) र पाँचौं तहको लागि रु ७००।-(सात सय रुपैयाँ मात्र) बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको राष्ट्रिय बाणिज्य बैंक वानेश्वर शाखा, चल्ती खाता नं-१४२०१००००५९८६००१ मा बुझाउनु पर्नेछ । दरखास्त अस्वीकृत भएका उम्मेदवारहरुको दरखास्त दस्तुर बापतको रकम फिर्ता गरिने छैन ।

३. सातौं तहको हकमा दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको लिखित परीक्षाको कार्यक्रम सम्बन्धी सूचना कम्पनीको वेवसाईटमा पछि प्रकाशित गरिनेछ । लिखित परीक्षामा सफल भएका उम्मेदवार मध्येबाट लोक सेवा आयोगको कार्यविधिमा तोकिए बमोजिमको संख्याका उम्मेदवारहरुलाई र पाँचौं तहको हकमा दरखास्त स्वीकृत भएका उम्मेदवारहरुलाई मात्र अन्तर्वार्तामा सम्मिलित गराईनेछ र सोको सूचना कम्पनीको वेवसाईटमा प्रकाशन गरिनेछ ।

४. दरखास्त फाराम, पाठ्यक्रम र कम्पनी सम्बन्धी विवरण कम्पनीको वेवसाईट www.bgjcl.org मा हेर्न सकिनेछ।

५.सम्पादन गर्नुपर्ने काम तथा अन्य शर्तहरु कम्पनीसंगको करार सम्झौतामा उल्लेख भए बमोजिम र सेवा तथा सुविधा कम्पनीको नियमानुसार हुनेछ ।

६. छनौटको किसिमः सातौं तहको लागि लिखित परीक्षा र अन्तर्वार्ता तथा पाँचौं तहको लागि शैक्षिक योग्यता र अन्तर्वार्ता ।

७. यस सम्बन्धी थप जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालयमा वा मोवाईल नं.- ९८६४१५८०७५ मा सम्पर्क गर्न सकिनेछ ।

**(प्रथम पटक (२०८१/०५/२६ गते) प्रकाशित सूचनामा आवेदन फारामको साथ पासपोर्ट साईजको फोटो-३(तीन) प्रति हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको छ)**